**Butwal Campus Journal, Vol. 7, No. 2: 181-191, December 2024**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v7i2.73238

# इस्मालीका कथामा अन्तर्वस्तुमा आञ्चलिकता

**राजु भुसाल, उपप्राध्यापक**
**बुटवल बहुमुखी क्याम्पस**
rajubhusal370@gmail.com
https://orcid.org/0009-0006-6458-844X

## लेखसार

प्रस्तुत लेखमा इस्मालीका *चलन, गाउँको माया र गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन,* गरी तीनओटा कथाका अन्तर्वस्तुलाई आञ्चलिकताका दृष्टिले विश्लेषण गरिएको छ । आञ्चलिक अध्ययनमा निश्चित स्थानविशेष वा अञ्चलका मौलिक रीतिस्थिति, रहनसहन, चालचलन, संस्कार, संस्कृति आदि यावत् पक्षहरूको अध्ययन गरिन्छ । प्रस्तुत लेखमा आञ्चलिकताको सामान्य परिचय दिँदै वस्तुविश्लेषणका आधारहरूको समेत निर्धारण गरिएको छ । तत्कालीन समाजमा दाइजोको नाममा सामान्य जनताले कसरी घरघडेरी बेच्नु पर्थ्यो भन्ने परिघटना *चलन* कथामा आएको छ भने *गाउँको माया* कथामा परिछनजस्ता सोझासाझा तथा इमान्दार मान्छेलाई गाउँका सामन्त वर्गले सधैंभरि कसरी आफ्नो हली बनाएर राख्न खोज्छन् भन्ने कुराको अभिव्यक्ति पाइन्छ । त्यसैगरी *गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन* कथामा २०६३/०६४ सालमा भएको मधेस आन्दोलनले नेपाली नेपालीका बिच ल्याएको विखण्डनलाई प्रस्तुत गरिएको छ । यस लेखमा यी कथाहरूको विश्लेषण गरेर चेतना तथा शिक्षाको कमीले गर्दा नै गाउँमा यी सबै समस्या आएका हुन् भन्दै तत्स्थानिक सामाजिक परिघटनासँग जोडिएका सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक पक्षहरू इस्मालीका कथामा अन्तर्वस्तुका रूपमा आएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : अन्तर्वस्तु, कथाञ्चल, स्थानिक परिवेश, निम्न वर्गीय, दाइजो प्रथा ।

## विषयपरिचय

महेश्वरप्रसाद उपाध्याय (पौडेल) (२०१२) को साहित्यिक नाम इस्माली  हो । २०३१ सालको *भञ्ज्याङ* पत्रिकामा 'ऋणको थिचो' कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका उनका *माछोमाछो भ्यागुतो (२०५२), घाम घामजस्तो छैन (२०५८), काट् जर्किन डी (२०६४), इस्मालीका प्रतिनिधि कथाहरू (२०६७)* र *श्रीको खोजी (२०७३)* गरी पाँचओटा कथासङ्ग्रह र *सेतो आतङ्क (२०३९)* र जिरो माइल (२०५६) गरी दुईओटा उपन्यास प्रकाशित छन् । उनको अनुदित कथाहरूको सङ्ग्रह *युरोसियाका कथा (२०७३)* र महाश्वेतादेवी रचित लोकप्रिय उपन्यासको नेपाली अनुवाद *अक्लान कौरव (२०७५)* पनि प्रकाशित छ ।

अञ्चलको विशेषता देखाइदिने प्रवृत्तिलाई आञ्चलिकता भनिन्छ । मानिस कुनै अञ्चल वा क्षेत्रविशेषमा जन्मिएको हुन्छ । आफू जुन ठाउँमा जन्मिएको हो, त्यस ठाउँको भूगोल, संस्कृति तथा भाषाले उसलाई प्रभाव पारिरहेको हुन्छ । साहित्यकारले कुनै निश्चित क्षेत्र, त्यहाँको भूगोल तथा संस्कृतिको प्रस्तुति त्यहीको स्थानीय भाषाको प्रयोग गरेर गर्ने गर्छ । सामान्यतया आञ्चलिकतालाई कुनै पनि कृतिभित्रको परिवेशका रूपमा लिने गरिए पनि यस अध्ययनमा आञ्चलिकतालाई विशिष्ट अर्थका रूपमा लिइएको छ । आञ्चलिक शब्दको प्रयोग भाषा साहित्यका क्षेत्रमा अञ्चलविशेष, क्षेत्रविशेष र प्रदेशविशेषका रूपमा नै प्रयोग भएको छ । आञ्चलिकताअन्तर्गत निश्चित भूगोलका संस्कृति, भाषा तथा सभ्यता पर्दछन् । आञ्चलिक साहित्यमा विशेषतः कुनै ठाउँको रहनसहन, हावापानी र चालचलनलाई अभिव्यक्त गर्ने उद्देश्य लिइएको हुन्छ । इस्मालीमा कथामा पनि यसप्रकारको विशेषता पाइन्छ । यिनका कथामा मूलतः पूर्वी तराई र त्यस क्षेत्रको संस्कृति तथा परिवेशको अभिव्यक्ति त्यहाँको स्थानीय भाषालाई माध्यम बनाएर गरिएको हुन्छ । प्रस्तुत अनुसन्धानान्मक लेखमा इस्मालीका कथाहरूको अन्तर्वस्तुमा पाइने

आञ्चलिकताको अध्ययन गर्नाका लागि निगमनात्मक विश्लेषणको ढाँचा तयार पारिएको छ र सोही आधारमा उनका कथाहरूको विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

इस्मालीका कथामा अन्तर्वस्तुमा आञ्चलिकता शीर्षकमा केन्द्रित भएर गरिएको प्रस्तुत अनुसन्धानकार्यमा आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा *इस्मालीका माछो माछो भ्यागुतो (२०५२), श्रीको खोजी (२०७३)* गरी दुईओटा कथासङ्ग्रहअन्तर्गतका 'चलन', 'गाउँको माया' र 'गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन' गरी तीनओटा कथालाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीअन्तर्गत शोध्य विषयसँग सम्बन्धित समालोचनात्मक ग्रन्थ, लेख र पत्रपत्रिकाहरूमा भएका समीक्षालाई उपयोग गरिएको छ । साथै आञ्चलिकतासम्बन्धी सैद्धान्तिक पर्याधार निर्माणका लागि समेत द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । यसमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ ।

## कृतिविश्लेषणको अवधारणात्मक ढाँचा

अञ्चललाई सङ्केन्द्र बनाएर आञ्चलिक कथा निर्माण भएको हुन्छ । आञ्चलिक तत्सम शब्दको कोशीय अर्थ कुनै अञ्चल वा प्रदेशको, अञ्चल वा प्रदेशसँग सम्बद्ध आदि हुन्छ (गौतम, २०६८, पृ.७२) । स्थानीय परिवेश, वातावरण, संस्कृति, जनजातिका आचरण, बोली, समस्या आदिलाई महत्त्व दिएर लेखिने कथालाई आञ्चलिक कथा भनिन्छ । यसमा स्थानीय रङ, संस्कृति, रहनसहन तथा भाषाको अभिव्यक्ति हुन्छ । मूलतः यसमा स्थानीयताले अभिव्यक्ति मात्र पाएको हुँदैन, स्थानीयता नै आत्माका रूपमा आएको हुन्छ । आञ्चलिकता सामाजिक यथार्थवादी कथा लेखनको प्रवृत्ति विशेष हो । यसमा जुन समाज वा क्षेत्रलाई केन्द्रविन्दु बनाइन्छ त्यस समाज वा क्षेत्रको यथार्थलाई मसिनो वा सूक्ष्म रूपमा हेरिन्छ । भाषागत पृथक्ता, भूगोल र परिवेशगत निजत्वता, सांस्कृतिक एकरूपता तथा जीवनचर्याको विशिष्ट चरित्रसित आञ्चलिकता गाँसिएको हुन्छ (बराल, २०६४, पृ.२८८) । कथाक्षेत्रमा बसोबास गर्ने बासिन्दा आर्थिक जर्जरताबाट आक्रान्त छन् भन्ने कुराको प्रस्तुति यसमा हुन्छ । यसरी कुनै एउटा निश्चित भूभाग तथा अञ्चलमा केन्द्रित भएर अभिव्यक्ति हुने तथा अञ्चल नै आत्मा बनेर आउने कथा आञ्चलिक कथा हो (सुवेदी, २०६८, पृ.२८) । कुनै पनि धरतीमा दिक्का अनेक क्षेत्र, स्थान वा अञ्चल रहेका हुन्छन् । धेरै क्षेत्र, स्थान वा अञ्चल मिलेर कुनै देश बनेको हुन्छ । अञ्चलका आफ्नै विशिष्टता, मान्यता, संस्कृति र परम्परा रहेका हुन्छन् । यस्ता प्रत्येक अञ्चलहरू आफ्नै विशिष्टता, अभिलक्षण एवं गुणले सीमाबद्ध पनि हुन्छन् (शर्मा, २०६८, पृ.७२) । आञ्चलिक कथामा कथाकारको लक्ष्य त्यस क्षेत्र विशेषको भौगोलिक, सामाजिक र सांस्कृतिक स्थितिको यथार्थवादी भएर वर्णन गर्नु रहेको हुन्छ ।

आञ्चलिकताले साहित्यलाई समाजको प्रतिबिम्ब मान्छ र साहित्यमा चित्रित स्थानीय संस्कृति, वस्तु र भाषा तथा भाषिकाको अध्ययन गर्दछ । यसमा कुनै क्षेत्रविशेषको माटोको गन्ध आउने गरी जीवनलाई स्पर्श गरिन्छ (नगीना, सन् १९७६, पृ. ८) । साहित्यकारले स्थानीय संस्कृति, भूभाग तथा भाषालाई कृतिमा कसरी चित्रण गरेको छ ? भन्ने कुराको अध्ययन यसले गर्दछ । कथाकारले स्थानीय संस्कृतिको चित्रण गर्न त्यहाँ प्रचलित लोककला, लोकगीत, लोककवितालाई साहित्यमा प्रयोग गरेको हुन्छ । त्यहाँ प्रचलित भाषाले पनि स्थानीयतालाई नै सङ्केत गरेको हुन्छ । यसरी आञ्चलिकताले स्थानीय संस्कृतिलाई उजागार गर्ने भएकाले यहाँ स्थानीय संस्कृतिलाई अन्तर्वस्तु मानी स्थानिक परिवेश र भाषालाईसमेत आधार बनाएर निम्नानुसारको कथा विश्लेषणको ढाँचा तयार पारिएको छ ।

अन्तर्वस्तु कथाको महत्त्वपूर्ण तत्त्व हो । यसले कथामा प्रस्तुत भएको विषयलाई सङ्केत गर्छ । आञ्चलिकताका सन्दर्भमा निश्चित स्थानविशेष वा अञ्चलका मौलिक रीतिथिति, रहनसहन, चालचलन, संस्कार, संस्कृति आदि यावत् पक्षहरू यसअन्तर्गत पर्दछन् (गौतम, २०६८, पृ.७५) । कथामा अञ्चलका मौलिक संस्कृति, परम्परा तथा संस्कार कसरी चित्रण गरिएको छ भन्ने कुराको अध्ययन यस शीर्षकमा

गरिएको छ । कथामा कथाकारले स्थानीयताप्रति रूचि देखाएर त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक अवस्थाको प्रकटीकरण गर्ने उद्देश्यले स्थानीयतालाई प्रस्तुत गरेको हुन्छ । त्यसक्रममा उसले त्यहाँको जनजीवन, रहनसहन तथा लोकसंस्कृतितिर पनि आफ्नो मोह देखाएको हुन्छ । प्रस्तुत अनुसन्धानमा यसै अवधारणाका आधारमा इस्मालीका कथाहरूमा देखिएको अन्तर्वस्तुको विश्लेषण गरिएको छ । यस क्रममा यहाँ सोद्देश्यमूलक नमुना छनोट पद्धतिको प्रयोग गरी इस्मालीका तीनओटा मात्र कथाहरूको विश्लेषण गरिएको छ । यसमा इस्मालीका कथाहरूको विश्लेषणका लागि कृतिको अन्तर्वस्तुलाई मुख्य आधार बनाइएको छ । मूलतः अन्तर्वस्तुका कोणमा केन्द्रित रही आञ्चलिकतासम्बन्धी सैद्धान्तिक उपकरणहरूको प्रयोग गरेर इस्मालीका तीनओटा कथाहरूको विश्लेषण गरिएको छ । आञ्चलिकतासम्बन्धी मान्यताका आधारमा कृतिविश्लेषण गरिएकाले यस अनुसन्धानमा ज्ञानको प्रतिपादन निगमनात्मक विधि र सामग्रीसङ्कलन र विश्लेषणका क्रममा आंशिक रूपमा आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ । यसमा इस्मालीका आञ्चलिक विशेषता भएका कथाहरूको मात्र विश्लेषण गरिएकाले यो लेख गुणात्मक प्रकृतिको रहेको छ । यसमा मूलतः विश्लेषणात्मक र अंशतः निर्णयात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत लेखमा कृति विश्लेषणलाई प्रामाणिक र तथ्यपरक बनाउनाका लागि कृतिबाट यथोचित उदाहरण तथा साक्ष्य लिइएको छ । यही अन्तर्वस्तुगतगत पृष्ठभूमिका आधारमा कथाहरूको अध्ययन गरी त्यसका मूल सन्दर्भहरूको वस्तुपरक विश्लेषण गरिएको छ । त्यसैले यो अध्ययन पाठपरक छ ।

**इस्मालीका कथामा अन्तर्वस्तु**

इस्मालीका कथा पञ्चायत कालीन समाज र तराईका समाजका उत्पादन हुन् । यिनका कथामा तराईका समाजको प्रतिबिम्बन भएको पाइन्छ । प्रस्तुत लेखमा इस्मालीका आञ्चलिक विशेषता भएका ‘चलन’, गाउँको माया’, र ‘गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन’ गरी तीनओटा कथाको विश्लेषण गरिएको छ । कुनै पनि कथामा व्यक्त भएको स्थानीय संस्कार, रहनसहन, रीतिस्थिति, परम्परा, धार्मिक तथा राजनैतिक अवस्था र जातीय संस्कृतिलाई आञ्चलिकताका सन्दर्भमा अन्तर्वस्तु भनिन्छ । यसमा इस्मालीका कथामा अन्तर्वस्तुमा केकसरी आञ्चलिकता आएको छ भन्ने कुराको विश्लेषण गरिन्छ ।

**चलन कथाको विश्लेषण**

‘चलन’ २०३५ सालको *जयन्ती* पत्रिकामा पहिलो पटक प्रकाशित भएको र पछि यिनकै *माछोमाछो भ्यागुतो* कथासङ्ग्रहमा सङ्कलित आञ्चलिक कथा हो । यसमा तराईको कुसंस्कारका रूपमा रहेको दाइजोप्रथा र तिलकका कारणले गरिब परिवारमा जन्मिएकी कथाकी मुख्य पात्र सुनरको बिहे हुन नसकेको सामाजिक-आर्थिक सन्दर्भ आएको छ । कथाको प्रारम्भ तराईको परिवेशको वर्णनबाट गरिएको छ । फागुनको महिनामा सोनर घाँस काट्नाका लागि खेतमा जान्छे । खेतमा खासै घाँस नभएकाले उसले आलिमा रहेको सुकेको दुबोलाई खुर्किएर खुर्पीले ठटाउँछे र घाँस लिएर हिड्छे । नजिकै गाई, भैंसी, बाख्रा चराउन गएका चरुवाहरू खोपी, तास र गुलीडन्डा खेल्नमा व्यस्त हुन्छन् । चरुवाहरूले हामीलाई एकपटक हेरिदेऊ न भन्दै गीत गाउँदै सुनरलाई जिस्काउँछन् । सुनर रमुवाको गीत नसुनेझैं गरी हिडिदिन्छे । साँझ पर्न लागेको हुन्छ । गोठालाहरू आआफ्ना गाईवस्तु लिएर घर जान्छन् । त्यसैबेला उसले पल्लो सडकबाट पाल्कीमा कुनै आइमाई आफूतिरै आइरहेकी देख्छे । पछि उसले जनकाले दोंगा गरेर लिएर आएको थाहा पाउँछे र त्यो देखेर उसलाई पनि बिहे गर्न मन लाग्छ । उसले आफू माइत आउँदा यसैगरी उसकी आमा र बहिनी पनि रुने कल्पना गर्छे ।

शुक्ल पक्षको कुनै दिन सुखवा अधिकारीको साँघुरो आँगनमा बाबियाको डोरीको तान भएको सानो खटिया राखिएको छ । त्यत्तिकैमा देवकी राय भन्छ ‘अब यतातिर पनि तिलक, दाइजो आदिमाथि प्रतिबन्ध लाग्यो (पृ.१०)’ । दाइजोमा प्रतिबन्ध लागेको कुरा सुनेर सुनर मनमनै खुसी भएर सोच्छे ‘अब मेरो बाउलाई केही तकलिफ हुँनेछैन (पृ.११)’ । त्यत्तिकैमा सुखवालाई देवकी रायले अब सुनरको पनि बिहे गर्ने बेला भयो भन्ने कुरा गर्छ । बिहेको कुरा सुन्नासाथ सुखवाको निधारमा पसिना आउन थाल्छ र जेठी छोरीको बिहेमा

लागेको ऋण अझसम्म तिर्न नसकेको कुरा सम्झन्छ । उसले आफूलाई अर्ती दिने देवकी रायले एक मन धान दुई महिना नपुग्दै मागेको सम्झन्छ । तिलक थोरै भयो भनेर जेठी छोरीको ससुरा र ज्वाइँ ठुस्केर बसेको तथा छोरीलाई नचाहिँदो आक्षेप लगाएको पनि सम्झन्छ । त्यसैको कारणले उसले पोहोर साल घरमा बाँधेको दुहुनो गाई र बाच्छा दिएको पनि सम्झन्छ । नदिउन्जेल ज्वाइँले भात खान नमानेको पनि सम्झन्छ । यी कुरामा हराइरहेको सुखवालाई सुनरको बिहे कसरी गर्ने हो भनेर पिर पर्छ ।
सुखवा सुनरका लागि केटा खोज्न गएको सात दिन भएको हुन्छ । त्यत्तिकैमा 'आहे हो...शुभे हो...शुभे हो.....भन्दै सुनरको घरमा तिलोसहित एक हुल मान्छे पस्छन् । उनीहरू तिलोको घरमा बिलौकी ( गोडधुवा) माग्न आएका हुन्छन् । दुलहीझैं सिँगारिएकी तिलोले हातमा खोलेको चक्कु ठाडो पारेर बोकेकी छे । चक्कुको टुप्पोमा सुपारी रोपिएको छ । सुनरकी आमाले नाङ्गलामा एक सेर धान र चार आना पैसा राखेर आफ्नो गच्छेअनुसार बिलौकी दिन्छे । तिलो सिँगारिएको देखेर सुनरले कल्पना गर्छे 'म पनि दुलही हुँदा यसै गरेर सिँगारिन्छु (पृ.१३)' । तिलकका लागि सात हजार लिएका हुन् भन्ने आमाको कुरा सुनेर सुनर झसङ्ग हुन्छे र यो दाइजोको व्यवस्था नभएको भए गरिबका लागि कति राम्रो हुन्थ्यो होला भन्ने कल्पना गर्छे । साझ परिसकेको हुन्छ । त्यत्तिकैमा बिलासपुरवाली भन्दै उसको बाबु सुस्केरा काढ्दै आइपुग्छ । सुनर दैलोको पाटो समाएर भित्रपट्टि चेपमा उभिएकी छे । त्यत्तिकैका सुनरको बाबुले उसकी आमासँग भन्छ 'बसतपुर, सिर्सिया, सोनपा, शिवनगर, रौजा, भगवतीपुर, संग्रामपुर कतै पनि केटोको कुरो मिलेन । हजारभन्दा तल त कुरै  गर्दैनन् । उनीहरूकै बाउबाजेले कमाएर थुपारिदिएका छन् जस्तो ।

आञ्चलिक कथामा स्थानिक संस्कृति तथा लोकतत्त्व प्रमुख तत्त्वका रूपमा रहेको हुन्छ । इस्मालीका कथामा पनि स्थानिक संस्कृति तथा रहनसहन पाइन्छ । यसअन्तर्गत अञ्चलका मौलिक रीतिस्थिति, रहनसहन, चालचलन, संस्कार पर्दछन् । 'चलन' तराईकेन्द्री कथा हो । यो कथाले पूर्वी तराईको सप्तरी र महोत्तरी जिल्लाको ग्रामीण भूभागलाई परिवेश बनाएको छ । यसमा अभावैअभावमा बाँचेका गरिबहरूको समस्या अभिव्यक्त भएको छ । यस कथाकी प्रमुख पात्र सुनर हो । ऊ यौवन अवस्थामा पुगेकी नारी हो । गाउँकी आफ्नै उमेरको जनकाको बिहे भएको देखेर उसलाई पनि बिहे गर्न मन लागेको  छ । गाउँको जेठोबाठो देवकी रायले कुनै प्रसङ्गमा भनेको हुन्छ 'अब यतातिर पनि तिलक, दाइजो आदिमाथि प्रतिबन्ध लाग्यो (पृ.१०)' । सोनरलाई गाउँमा दाइजो प्रथा बन्द भएकाले अब मेरो बाबुलाई कुनै समस्या पर्दैन भनेर खुसी लाग्छ । केही समयपछि सोनरको बिहे गरिदिनु पर्छ भनेर उसको बाबु पल्लो गाउँसम्म केटा खोज्न पनि जान्छ तर सित्तैमा तिलक गर्ने केटो खोज्न सक्दैन । तराईमा सिद्धान्तः दाइजो प्रथा हटे पनि व्यवहारमा भने कायम रहेको हुन्छ । तिलकका लागि ऊसँग सात हजार रुपैया मागेको सुनेर सोनरकी आमा झसङ्ग हुन्छे । सोनरले जग्गा बेच्नु परे आफूले बिहे नगर्ने कुरा गर्छे ।

'चलन' कथाले तराई र त्यसमा पनि आर्थिक दृष्टिले विपन्न परिवारको रहनसहन तथा संस्कृतिलाई छर्लङ्ग पारेको छ । यस कथाकी प्रमुख पात्र सुनरको परिवार तथा गाउँका मान्छेको जीविकोपार्जनको मुख्य आधार कृषि हो । ऋतुअनुसार खेती गर्ने, गाईवस्तु पाल्ने र साँझबिहान तिनलाई चराउन खेतमा लैजाने जस्ता काम गरेर त्यहाँका किसानहरूले आफ्नो जीविकोपार्जन गरेका छन् । उनीहरूको दैनिकीलाई कथामा यसरी देखाइएको छ :

> फागुनको महिना । घाम ओरालो लाग्दैछ । सडकमा अलिकति धुलो उड्दैछ । चौरमा फाट्टफुट्ट गाई-वस्तुहरू चर्दै छन् । गाईवस्तुहरू छाडा छन् । कतैकतै धान खेतका आलीहरूमा रहरीका बोटहरू छन् । काला कोसा र सुकेर झर्न ठीक्क परेका पहेंला फूलहरूले रहरीका बोटहरूलाई झुकाएर गौरव बढाएका छन् । धान खेतहरूमा खेसारीका रहरलाग्दा कोसाहरू छपक्कै छन् (पृ. ९) ।

कथामा वर्णित माथिको अभिव्यक्तिले अञ्चलविशेषको अवस्था, भौगोलिक स्थिति र वातावरणीय परिवेशलाई देखाएको छ । यस समयमा त्यहाँका जनता गाईवस्तु चराउन खेततिर जाने र खेतका आलीआलीमा रहरी पाक्न थाल्ने कुरालाई सङ्केत गरेको छ । यस प्रसङ्गले तराईको जीविकोपार्जन गर्ने मुख्य माध्यम कृषि हो भन्ने कुरालाई देखाएको छ ।

सुनार खेतमा घाँस काँटन गएकी छे । उसलाई गाई-वस्तु, भैसी तथा बाख्रा चराउन आएका युवकहरूले जिस्क्याउँछन् । उसलाई हेरेर रमुवाले 'ए घँसिनी एकपटक फर्केर त हेरिदेऊ (सुन् सुन् सुन् घँसबरनी न गे तनि घुरियो के ताक...) (पृ.९)' भन्ने भाकाको मैथिली लोकगीत गाउँछ । प्रस्तुत साक्ष्यबाट एकातिर उनीहरूको मातृभाषा मैथिली हो भन्ने कुरा बुझिन्छ भने अर्कातिर त्यहाँका युवाहरूले केटी जिस्क्याउन गीत गाउँने गरेको कुरालाई स्पष्ट पारेको छ । सुनरको छिमेकी जनकाको भर्खर बिहे भएको हुन्छ । उसले दोंगा गरेर दुलही घरमा ल्याएको छ । त्यो सम्झेर सुनरमा पनि बिहे गर्ने इच्छा भित्रभित्रै तिखारिन्छ । सुनरले कल्पना गर्छे : 'म पनि बिहे भइसकेपछि घर आउँदा र जाँदा यसैगरी रुनेछु, मेरा आमा र बहिनी पनि रुनेछन् । मेरी सासु पनि रुनेछिन् (पृ.२)' । प्रस्तुत साक्ष्यले त्यहाँको बिहेको संस्कार, नवविवाहिता दुलही पाल्कीमा बसेर हिड्नु पर्ने चलन, छोरीको बिहे हुँदा आमा, बहिनी र अन्य घरका मान्छे रोएको सन्दर्भ देखाएको छ । त्यसै गरी प्रस्तुत कथामा सुनरको विवाहको विषयलाई लिएर उसको आगनमा छलफल हुन्छ । टोलछिमेकको बाठोमा गनिएको देवकी रायले गाउँमा दाइजो, तिलक आदिमा प्रतिबन्ध लागेको कुरा गर्छ । छलफलको क्रममा देवकी राय खटियामा बसेको छ भने गाउँलेहरू भुइँमा बसेका छन् । यसले तराईमा विद्यमान सामन्तीप्रथालाई सङ्केत गरेको छ ।

सुनारका बाबुले सुनरकी दिदीको बिहेमा लागेको ऋण अहिलेसम्म तिर्न सकेको छैन । अहिले उसका बारेमा चिन्ता गर्ने देवकी रायले बिहेको बेलामा दिएको एक मन धान तीन महिना नपुग्दै मागेको हुन्छ । त्यतिमात्र होइन, बिहेमा तिलक थोरै भयो भनेर केही नदिउन्जेल उसका ज्वाइले भात खान पनि मानेका हुन्नन् । उसका ससुरा र ज्वाइले अनेक आक्षेप पनि लगाएका हुन्छन् । पछि उसले घरमा रहेको दुहुना गाई दिनुपर्छ । यस प्रसङ्गले तराईमा गरिबलाई छोरीको बिहे गर्दिन निकै गाह्रो हुने कुरा देखाएको छ ।

यसप्रकार आर्थिक अवस्था कमजोर भएका वर्गलाई छोरीको बिहेको बेलामा हुने चिन्ता, घरको आर्थिक अवस्था कमजोर भए पनि तिलक तथा दाइजोका नाममा ऋण गरेर तथा जग्गा बेचेर भए पनि दाइजो दिनु पर्ने बाध्यता तथा केटा पक्षका मान्छेले तिलकका नाममा बुहारी वा श्रीमतीलाई दिने मानसिक पीडा नै प्रस्तुत कथामा अन्तर्वस्तु भएर आएको छ ।

**गाउँको माया कथाको विश्लेषण**

'गाउँको माया' २०४० सालको *गरिमा* पत्रिकामा पहिलो पटक प्रकाशित भएको सामाजिक कथा हो । यस कथामा कथाकार इस्मालीले कथाको मुख्य पात्र किसन आफू जन्मेको गाउँमा फर्कदै गरेको सन्दर्भमार्फत् आफूभित्र रहेको जन्मभूमिप्रतिको प्रेमलाई अत्यन्त कलात्मक रूपमा अभिव्यक्त गरेका छन् । कथाको मुख्य पात्र किसन (कृष्ण) लगभग दुईवर्षपछि आफू जन्मिएको गाउँ फर्किदै छ । उसलाई दुई वर्षको बीचमा धेरै पटक गाउँ फर्किन मन लागे पनि विभिन्न अल्झनका कारण ऊ फर्किन पाउँदैन । यस पटक बल्लतल्ल ऊ गाउँ जानाका लागि हिड्छ । बाटामा उसले गाउँका बारेमा अनेक कुरा सम्झिन्छ । उसको मानसपटलभरि गाउँ नै सल्बलाइरहन्छ । परिछन्, बुधना, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमाबा, घर छिमेक टोल र सुल्ताना डाँकुको नौटङ्की, हमावीरजीको झन्डामेला र हाटबजार पनि सम्झन्छ । गाउँमा बस्न नपाउनुको पिडा पनि उसले अनुभव गर्छ । बाटामा हिड्दै गर्दा भाइले लेखेको चिठी सम्झन्छ । चिठीमा भाइले परिछनको टोलमा गाउँलेहरूले बेलुकाबेलुका 'रबिनहूड' को नाटक रिहर्सन गरेको कुरा लेखिपठाएको हुन्छ । त्यो कुराले पनि किसन खुसी भएको हुन्छ र गाउँका मान्छेमा पनि बिस्तारैबिस्तारै चेतना आएको अनुभव गर्छ ।

'म' पात्र अर्थात् किसन गाउँमा पुग्न लागेको बेलामा 'जय रामजीकी किसन भाइ' भन्दै परिछनले बोलाउँछ । पहिला त उसले कसले बोलायो भनेर चारैतर्फ हेर्छ र पछि परिछनलाई देख्छ । एकछिनपछि परिछनले किसनलाई भन्छ : 'कहाँबाट यतिबेला ? किन यति दिनमा ? कुनै चिठीपत्र पनि छोडेनौ ?

अचानक ! (पृ. ३५)' । यसरी परिछनले यी विभिन्न प्रश्नहरू सोधिसकेपछि किसनले परिछनसँगका आफ्ना बाल्यकालका घटनाहरू सम्झन्छ । कुनै बेला परिछन र 'म' पात्र अर्थात् किसन लगोटिया साथी हुन्छन् । सँगसँगै गाई चराउने, सिजनमा बदाम, मकै चोरेर ओराहा खाने, गीत गाउने, गाईवस्तु चराउन खोलामा लैजाने जस्ता काम उनीहरूले सँगसँगै गर्थे । ऊ सानैदेखि प्रतिभावान् मान्छे भएको हुनाले गाउँलेहरूले पढाउनु पर्छ भनेको हुनाले उसका बाबुआमाले पढ्नाका लागि सहर पठाउँछन् र उसले त्यही गएर पढेको हुन्छ । पछि किसन पढ्न थालिसकेपछि परिछन ऊसँग टाढिँदै गएको र किसनले नजिकिन परिछनसँगै स्कुल विदा भएको बेलामा होराहा खान, गीर खेल्न, कपर्दी खेल्न गएको पनि सम्झन्छ । पसिना पुसेको देखेर परिछनले पानी पिउँछौ भनेर सोध्छ र पानी लिनाका लागि आलीमा रहेको लोटा लिएर खोलातिर दौडन्छ । लोटालाई देख्दा किसनलाई आफ्ना बाल्यकालका घटना सम्झनामा आउँछन् । खोला गाउँमा पसेर खोलाले गाउँलेहरूलाई धुरुक्कै रुवाएको, कहिले होराहा खाने निहुँमा त कहिले गाईवस्तु चराउने निहुँमा खोलामा गएको, किनारमा अलपत्र परेका मान्छेलाई उनीहरूले खोला पार गरिदिएको जस्ता घटना उसका मानसपटलमा आउँछन् । त्यत्तिकैमा परिछनले पानी लिएर आउँछ र किसनलाई गाउँका घटनाहरू सुनाउँछ । परिछनले आजकल गाउँमा तीन पार्टी भएको र सामन्तहरूले 'फुटाउ र राज गर' भन्ने नीति लिएर अगाडि बढेको कुरा गर्छ । वर्षाको बेला आफूहरूले चार किलो बनीको कुरालाई लिएर हडताल गरेको र हडताल फेकन र शनिचरले धोका दिएका कारणले तुहेको कुरा गर्छ । परिछनको कुराले 'म' पात्र मर्माहत हुन्छ । किसुनले पनि गाउँ तिमीहरूकै हो, तिमीहरूकै हँसिया, खुर्पी, कोदालोमा गाउँ बाचेको छ भन्दै उसलाई प्रोत्साहन गर्छ । त्यसपछि परिछनले किसुनसँग यसपटक महावीरजीको झण्डाको मेलामा हामी नाटक खेल्छौँ र त्यसका लागि गाउँका घटनाहरूलाई लिएर तिमीले एउटा राम्रो नाटक लेखिदिनुपर्छ (पृ.३८)' भन्ने कुरा गर्छ र उनीहरू छुट्टिन्छन् । अलि टाढा पुग्दा पनि परिछनले भनेको 'गाउँका समस्याहरूलाई राखेर एउटा नाटक लेखिदिनुपर्छ' भन्ने कुरा किसुनको मनमा आइरहन्छ र कथा टुङ्गिन्छ ।

'गाउँको माया' कथा २०४० सालको *गरिमा*मा पहिलो पटक प्रकाशित भएको आञ्चलिक कथा हो । प्रस्तुत कथाले नेपालको पूर्वी तराईको सप्तरी जिल्लाको कुनै गाउँलाई कथाक्षेत्र बनाएको छ । यस कथाको प्रमुख पात्र 'म' अर्थात् किसन तराईबाट पढ्नाका लागि सहर गएको छ । सहरमा बसे पनि उसले बारम्बार गाउँलाई सम्झिरहन्छ । उसलाई कहिले गाउँ जान पाइएला भन्ने हुटहुटीले सताउँछ । यसकुरालाई कथामा समाख्याताले यसरी प्रस्तुत गरेका छन् :

> बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो, मानसपटभरि गाउँ नै सल्बलाइरह्यो–बुधना, परिछन, राम दरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ, सुल्ताना डाकुको नौटङ्की, महावीरजीको झण्डा मेला, हाटबजार.....अनि यस्तैयस्तै थुप्रै घटनाहरू (पृ.३४) ।

प्रस्तुत साक्ष्यले तराईलाई कथाक्षेत्र बनाएको छ भन्ने कुरा यहाँ आएका व्यक्ति नाम बुधना, परिछन, रामदरस, सुल्तान डाकु आदिले गरेका छन् । किसन गाउँमा घटेका विगतका घटनाहरू सम्झदै जब गाउँको नजिक पुग्छ, त्यतिबेला पछाडिबाट परिछनले बोलाउँछ । परिछन उसको बाल्यकालको साथी तथा गाउँको किसान हो । 'नभन्दै सिमलको रुखको आडबाट परिछन टुप्लुक्क देखापर्यो, जोत्दा-जोत्दैको हल गोरु अड्याएर ऊ हस्याङ-फस्याङ गर्दै मतिर लम्कँदै थियो (पृ.३५)' । प्रस्तुत साक्ष्यले परिछनको पेसालाई देखाएको छ । यहाँ आएको सिमलको बोट तराईको विशेष बोट हो । खेतमा सिमलको बोट भयो भने कामका बेलामा छहारी पनि हुने र तराईमा अत्यधिक गर्मी हुने भएकाले गर्मीमा यसको फूल औषधीका रूपमा प्रयोग गर्न सकिने भएकाले यसको महत्त्व छ । त्यसैगरी यस साक्ष्यमा किसनलाई भेटन परिछन जोत्दाजोत्दैको हलो अढाएर आएको छ । यसले पनि कथाञ्चलको मुख्य पेसा कृषि भएको सङ्केत गरेको छ । किसन परिछनलाई देखेर खुसी हुन्छ र उसले बाल्यकालका घटनाहरू सम्झन्छ :

> जमाना थियो, म र परिछन लंगोटिया यार थियौँ । गाई चराउथ्यौँ, सँगसँगै । सिजनमा मकै चोरेर ओरहा खान्थ्यौँ र गीत गाउँथ्यौँ । 'गाई चरवाहा टुअर टापर, भैस चरवाहा चोर, बकरी

> चरबाहा छिनर छानर, ताके चारो ओर ' । ती दिनहरू धेरै पछाडि छुटिसके । त्यही गीत अचेल हुँदो परिछनको छोराले गाउँदो हो । गोठालो थालेको होला-परिछनको छोराले पनि बाबुको बिडो थाम्दै । पछि अलि उमेरदार भएपछि हली बस्ला । परिछन पनि पहिले गोठालो थियो-लगभग छसातवर्षकै उमेरदेखि । चौधपन्ध्रवर्षको किशोरवय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बन्यो, सायद ज्यालादारीमा (पृ.३५) ।

प्रस्तुत साक्ष्यमा किसनले आफू र परिछन भएर गाई चराउन गएको, ओरहा खाएको कुरा सम्भिन्छ । यसमा आएका गाई चराउने, ओरहा खाने, हली बस्ने, गाई चराउन जाँदा गीत गाउने जस्ता प्रसङ्गले आञ्चलिक रहनसहन तथा संस्कृतिलाई नै अभिव्यक्त गरेको छ । तराईमा गरिबहरू मालिकको घरमा अँधिया गरेर अथवा मुजुरी गरेर बस्ने प्रचलन हुन्छ । परिछनको आर्थिक अवस्था पनि कमजोर भएकाले उसको छोरा पनि बाबुजस्तै मजुरीमा बसेको कुरा किसनले सम्भिन्छ । पहिले परिछन गोठालो थियो र पछि ऊ हली बनेको हुनाले छोराले पनि यसै गरी काम गर्छ भन्ने सोचाइ किसनको रहेको छ । यसले एकातिर तराईको बिपन्नतालाई सङ्केत गरेको छ भने अर्कातिर मालिकको घरमा मजुरी गरेर बस्नु गरिबहरूको संस्कृति तथा जीवननिर्वाह गर्ने पद्धति नै बनिसकेको कुरालाई पनि देखाएको छ ।

'गाउँको माया' कथामा वर्गीय दृष्टिले असमान आर्थिक अवस्था भएका मानिसहरूको बसोबास रहेको छ । परिछनजस्ता धेरै गरिबहरू खानाका लागि सङ्घर्ष गरेका छन् । यस कथामा आएका मालिकहरूको नीति फुटाऊ र राज गर (डिभाइन एन्ड रुल) भन्ने छ । उनीहरूमा तमाम परिछनहरू परिछन नै रहून् अर्थात् क्रीतदासरूपी हली गोठाला नै रहून् र मालिकहरूकै कृपापात्र भएर रहून् जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए भन्ने रहेको छ । यसले तराईका ठूलाबडाहरूको सामन्तवादी मनोविज्ञानलाई स्पष्ट पारेको छ ।

'गाउँको माया' कथामा तराईली जीवनका सामाजिक, सांस्कृतिक र आर्थिक पक्षसँग जोडिएको आञ्चलिकतालाई यसमा प्रस्तुत गरिएको छ । यसमा कतिपय गरिब भने साहुसँग मिलेर गरिबहरूका विरुद्धमा लागेका छन् । परिछनलगायतका गरिबहरूले चारकिलो बनीलाई लिएर धनीहरूका विरुद्धमा हड्ताल गर्न फेकन र शनिचरलाई अगुवा बनाएका हुन्छन् तर उनीहरूले केही पाउने लोभमा मालिक वर्गसँग मिलेर गरिबहरूको आन्दोलनलाई बीचमै तुहाइदिन्छन् । यसले गरिबवर्गले पनि धनीसँग मिलेर गरिबकै विपक्षमा कसरी काम गर्छन् भन्ने कथाञ्चलमा विकसित बेथितिलाई नै देखाएको छ । तराईमा मान्छेमा पनि क्रमशः जागरुकपन आउन थालेको कुरालाई पनि सङ्केत गरेको छ । तराईका शिक्षाबाट बञ्चित भएका मान्छेमा पनि जागरण आएको छभन्ने देखाउने प्रमाणका रूपमा हिड्ने बेलामा किसनलाई परिछनले भनेको प्रस्तुत कथांशबाट स्पष्ट हुन्छ : 'किसुन भाइ, तिमीलाई कुरामा जित्न सकिँदैन । खैर, नै होस्, यसपाली महावीरको झण्डाको मेलामा हामी नाटक खेल्छौं । गाउँका घटनाहरू राखेर, एउटा खुब राम्रो नाटक लेखिदेऊ । अहिले तिमी भोकाएको पनि हौला, भरे फेरि भेटौँला (पृ.३८)' । प्रस्तुत साक्ष्यमा परिछनले किसनलाई गाउँका समस्याहरू राखेर एउटा नाटक लेखिदिनु भनेको छ र यसको तात्पर्य के हो भने हामीले सामन्तीहरूको प्रवृत्तिलाई बुझेका छौं, अब हामी उनीहरूको दासत्व स्वीकार्न सक्दैनौं भन्ने नै हो । यसरी यसले तराईका मान्छेमा चेतना आइसकेको संस्कृतिलाई प्रस्तुत गरिसकेको छ ।

अतः 'गाउँको माया' कथाले पूर्वी तराईको सप्तरी जिल्लालाई कथाक्षेत्र बनाएर त्यहाँको रहनसहन, आर्थिक अवस्था तथा संस्कृतिको चर्चा गरेको छ । विशेषतः 'फुटाउ र राज गर' भन्ने नीति अख्तियार गरेका सामन्तवादीहरूको सोच तथा चिन्तन र चेतनशील बन्दै गइरहेको जनताहरूको जागरुकतालाई पनि कथाले प्रस्तुत गरेको छ ।

**तराई तराईजस्तो छैन, पहाड पहाडजस्तो छैन कथाको विश्लेषण**

'तराई तराईजस्तो छैन, पहाड पहाडजस्तो छैन' कथा सर्वप्रथम २०६७ सालको *समकालीन साहित्य* पत्रिकामा प्रकाशित भएको हो । प्रस्तुत कथाले २०६३-६४ सालमा भएको ऐतिहासिक मधेस आन्दोलनलाई विषय बनाएको छ । सात दिनका लागि मधेस बन्दको खबर फैलिएको छ ।

सहरको सुरक्षाका निम्ति चोकमा र चौबाटोमा सुरक्षकर्मीहरू पहेँलो चिल्लो कठबाँसको लठ्ठीसहित तैनाथ भएका हुन्छन् । टिनिन्न घन्टी बजाउँदै साइकल र रिक्साहरू र हर्न बजाउँदै मोटरसाइकलको आवागमन पनि चलिरहेकै हुन्छ । कोही जयनगरको रेल समात्न स्टेसनतिर कुत्दै थिए भने कोही जलेश्वरको बस समात्न जिरोमाइलतिर जाँदै थिए । त्यत्तिकैमा राजर्षि जनकको दर्शन गरी मन्दिरमा निस्केका एक पुरुष र एक महिला पिडारी चोक जानका लागि रिक्सा अगाडि उभिन्छन् । त्यत्तिकैमा शिरदेखि पाउसम्म हेरेर टिम्मुरिएको स्वरमा रिक्सा सङ्घको नाइकेले 'नहीँ जाना है' भन्छ । महिलाले जाऊ न जाऊ भन्दा पनि उसले पहाडियाको सवारी लिएर गइँदैन भन्छ । त्यही नजिकैको चोकमा बसेर त्यो सबै दृश्य 'मिथिलाक खबर' नामक पत्रिकाको पत्रकार उत्तिमलालले हेरिरहेको हुन्छ । अर्कोतिर बरमझियाको बिसनदेव केवटले 'तिमीहरू (पहाडिया) को अब दिन गए भोखिदेखि देखौला (पृ.१२५)' भनेर कराउँछ । उसको कुरा सुनेर पुलिस र रेक्सावाला सबै हाँस्छन् । बिसनदेव रिक्सावालाले जसलाई पहाडिया भनेको हुन्छ ऊ पहाडिया नभएर मध्यदेशी नै थियो, खाँटी मध्यदेशी, मिथिलाकै मधेसी । उसले पन्ध्र वर्ष अगाडि पाँच हजार नजराना चढाएर नागरिता बनाएर हजामका रूपमा काम गर्न थालेको थियो । ऊ वर्णले गोरो भएको हुँनाले उसलाई सबैले पहाडिया भन्थे ।

मधेसमा आन्दोलन चर्किन्छ । भानुभक्त, देवकोटा, बिपी र पुष्पलालहरूका मूर्ति तोडिन्छन् । रेल लडिसकेको हुन्छ । सिङ्गो सहरको रोजगारीका रूपमा रहेको चुरोटकारखाना कङ्गाल भइसकेको हुन्छ । त्यसैबेला उसले बाटामा सरबदेव श्रीवास्तवलाई आउँदै गरेको देख्छ । सरबदेवजी कहाँ हो भनेर उसले भन्न नपाउँदै सरबदेवले उसलाई अँगालो हाल्दै तपाईँलाई मैले खोजिराखेको थिए भन्छ । त्यस कुराले ऊ डराउँछ । हिँड्दाहिँड्दै सशङ्कित नजरले मोबाइल देखाउँदै ऊपात्रलाई यो नम्बर भएको मान्छेले आफूसँग तीन लाख मागेको कुरा गर्छ । तीन लाख रुपैया नदिए पछुताउनु पर्ने कुरा पनि गरेको सुनाउँछ । तराईमा अहिले गोप्य चन्दाका रूपमा विभिन्न पार्टीहरूले जनतालाई दुख दिने गरेको तथा पहिला पहाडिया मुलुकका मान्छेसँग चन्दा मागेको र अहिले मधिसेलाई पनि चन्दा मागेर दुख दिएको कुरा सरदेबले गर्छ ।

त्यत्तिकैमा केही ठिठाहरूबाट लखेटिएकी जानकी उत्तिम दाइ मलाई बचाउनु होस् भन्दै उसको आङ्मा छेलिइन खोज्छे । जानकी पहाडे मूलकी मधेसी आइमाई थिई । उसले रोक्न खोज्दाखोज्दै अश्लील गालीको वर्षा गर्दै तिनीहरू जानकीलाई लछारपछार पार्न थाल्छन् । उसले जानकीलाई बचाउने प्रयार गर्दै सरदेबजीलाई पुलिस बोलाउन भन्छ । पुलिसले जानकीको उद्धार गर्छ । जानेबेलामा उनीहरूले ऊपात्र लाई भन्छन् 'बडो पत्रकार भइराखेको छस् देख्लास् तँ पनि (पृ.१३१)' । यो कुरा प्रहरीले सुनेर पनि केही गर्न सक्दैन र पछि भेटुँला भन्दै सरबदेव पनि छुट्टिन्छ । ऊ पनि 'मिथिलाक खबर' पत्रिकातिर लाग्छ । बाटामा हेटौडा बसाइँसराइ गरी जान लागेका रामेश्वर बाजेले हाम्रा चार पुस्ताले जीवन बिताएको यो ठाउँ आज हाम्रा लागि परदेशी भयो भन्दै उसलाई फराकिलो गरी बस्नुस् भनी जान्छन् । रामेश्वर बाजेको कटु वचनले उत्तिमलाल मर्माहत हुन्छ । राती अबेरसम्म पनि उसलाई निद्रा लाग्दैन । कथित मधिसेहरूको स्वतन्त्रता र मधेसी आन्दोलनका नाममा बितेका दिनहरूमा मधेसमा भएका विभिन्न क्रियाकलापहरू उसको मन मस्तिष्कमा मडारिरहन्छन् । आन्दोलनको नाममा चन्दाआतङ्क, अपहरण, लुटपाट, कब्जाजस्ता घटनाहरूले उसको आँखा झकाउन थालेको हुन्छ । ऊ हडबडाउँदै उठ्यो । कतै चोर त आएन ? को शङ्कामा ऊ सतर्क हुन्छ । अचानक सातआठजनाको समूह उसको कोठामा पस्छन र उसलाई बेसरी पिट्छन् । त्यसपछि उत्तिमलालको बक भुट्दैन र हातखुट्टा पनि चल्दैन । मिथिलाक खबरमा उसले ब्यानर न्युज बनाएको खबर पनि छापिँदैन भने पत्रकार महासङ्घको सदस्य ऊ खबरसम्म बन्दैन । तर केन्द्रका साथीहरूले उसको कुरालाई लिएर प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन्छन् । उसको खबर अन्तर्राष्ट्रिय पत्रकार सञ्जालसम्म पनि पुग्छ । केही केन्द्रका साथीहरू उसलाई भेट्न आउँछन् । केन्द्रका साथीहरूले भावविह्वल भएर उसलाई हेरेको हेर्यौ हुन्छन् । उसले कागजमा कोर्छ 'साथी, अचाल तराई

तराईजस्तो छैन' । 'उत्तिमजी, पहाड पनि पहाडजस्तो कहाँ छ र अचेल' केन्द्रबाट एकजना साथीले भन्दाभन्दै कथा टुङ्गिन्छ ।

अन्तर्वस्तु कथाको महत्त्वपूर्ण तत्त्व हो । निश्चित स्थानविशेष वा अञ्चलका मौलिक परम्परा, रीतिथिति, रहनसहन, चालचलन र संस्कृतिजस्ता पक्ष आञ्चलिक कथामा अन्तर्वस्तुका रूपमा आएका हुन्छन् । 'तराई तराईजस्तो छैन, पहाड पहाडजस्तो छैन' कथा मूलतः पूर्वी नेपालको पूर्वी तराईको धनुषा जिल्लालाई कथाक्षेत्र बनाएर लेखिएको आञ्चलिक कथा हो । यसमा २०६३/२०६४ सालमा मधेसमा भएको आन्दोलन र त्यसले निम्त्याएको नेपाली-नेपाली बीचको साम्प्रदायिक भावनालाई अभिव्यक्त गरिएको छ । त्यही साम्प्रदायिक भावनालाई अभिव्यक्त गर्ने सन्दर्भमा त्यहाँको सामाजिक यथार्थलाई पनि यसमा अभिव्यक्त गरिएको छ । मधेस आन्दोलन चलिराखेको हुन्छ । मधेसवादीदलहरूले चैत्र महिनामा सात दिन मधेस बन्दको आह्वान गरेका हुन्छन् । त्यसैले सडक, बाटाघाटा र सरकारी कार्यालयको अगाडि सुरक्षाकर्मीको बाक्लो उपस्थिति रहेको छ । यस कथाको मुख्य पात्र उत्तिमलाल हो । ऊ पेसाले पत्रकार भएकाले समाचारको खोजीमा घुमिरहन्छ । राजर्षि जनकको दर्शन गरी केही मान्छे रिक्सा अगाडि उभिएर रिक्सा खोज्दै छन् र उनीहरूको शिरदेखि पाउसम्म हेरेर रिक्सावालाले भन्छन् 'पहाडी सवारी लेकर नही जायेंगे (पहाडिया यात्री लिएर जाँदैनौँ ) एकै स्वरमा तीनचार जनाले भने (पृ.१२५)' । प्रस्तुत साक्ष्यले २०६४ सालतिर मधेसमा पहाडिया र मधिसीको निकै चर्को द्वन्द्व रहेको स्थितिलाई प्रस्तुत गरेको छ । त्यतिमात्र होइन, बरमझियाको बिसनदेव केउटले भन्छ 'काहेको रोब देखाबै छा ? तोहर पहाडिया सबको दिन गेलो अब । काइल से देखिया...। (केको धाक देखाउँछौँ ? तिमी पहाडियाहरूको दिन गए अब । भोलिदेखि देखौला) (पृ.१२५)' । माथिको साक्ष्यमा आएको प्रस्तुत प्रसङ्गले पहाडियालाई देख्न नसक्ने मधेसीको व्यवहार तथा यथार्थलाई प्रस्तुत गरेको छ । उनीहरूमा पहाडियाहरू मधेस छोडेर गए हुन्थ्यो भन्ने भावना रहेको छ । मधेस आन्दोलन बढिरहेको हुन्छ । समाख्याता भन्छन् :

> अचेल उसको मधेसमा आन्दोलनको हावा चलेको थियो जोडतोडले । भानुभक्त, देवकोटा, बिपी र पुष्पलालजस्ता पहाडियाका सालिकहरू आन्दोलनकारीहरूले भत्काइसकेका थिए । यिनकै रजगजमा यहाँका उद्योग व्यवसायहरू जर्जर बनिसकेका थिए । रेल लडिसकेको थियो, सिङ्गो सहरको आधारशीलाका रूपमा रहेको चुरोट कारखाना कङ्गाल भइसकेको थियो । कुनै दिन यही जनक, जनकी र ज्वाँइ रामका मन्रिहरू भत्काउन नि के बेर (पृ.१२७) ।

प्रस्तुत साक्ष्यले आन्दोलनका नाममा भएको अराजकतालाई देखाएको छ । तराईबन्द गर्ने तराईवासीले आन्दोलनका नाममा भानुभक्त, विपी कोइराला, लक्ष्मीप्रसाद देवकोटा र पुष्पलालजस्ता राष्ट्रिय व्यक्तित्वका सालिक भत्काएको देखाएर तराईतिर मौलाउँदै गएको पहाडिया विरोधी गतिविधिलाई देखाएका छन् । त्यतिमात्र होइन, कथाकारले तराईकै भूमिमा अवस्थित जनकपुर जयनगर रेल, जनकपुर चुरोट कारखानालाई पनि तोडफेड गरेको सन्दर्भमार्फत् त्यहाँ विकसित भइरहेको सामाजिक तथा राजनैतिक यथार्थ पनि प्रकट गरेका छन् । यिनले एकातिर प्रस्तुत कथामा तराईमा विकसित राजनैतिक अन्तर्वस्तुलाई देखाएका छन् भने अर्कातिर तराईसँग जोडिएको आञ्चलिक संस्कृतिलाई पनि देखाएका छन् ।

'तराई तराईजस्तो छैन, पहाड पहाडजस्तो छैन' कथाले तराईको राजनैतिक संस्कृतिलाई पनि देखाएको छ । त्यहाँका राजनैतिक दलहरूले सामान्य जनताहरूसँग पनि चन्दा माग्ने, चन्दा नदिए उसलाई मार्न पनि पछि नपर्ने तथा पहाडिया मूलका मान्छेलाई त्यहाँबाट खेदाउने जस्ता निन्दनीय काम गरेका छन् । सरबदेवले तराईका राजनैतिक पार्टीका कार्यकर्ताले धम्कीपूर्ण भाषामा आफूसँग चन्दा मागिएको प्रमाण उत्तिमलाललाई मोबाइलमा देखाउँछ :

> उसले नम्बर हेऱ्यो, नौआठ, चारचार...। दिमागमा बल लाएर सम्झिन खोज्यो- सद्भावनाको सुखदेवको होइन, फोरमको फेकनको पनि होइन, तमलोपाको तनुकलालको त हुँदै होइन अनि... अनि कसको होला त ? हुन त अचेल यस्ता गिरोहहरू थुप्रै थिए । कतिपयको त खेती नै चन्दा सङ्कलन बनेको थियो । गोप्य चन्दा सङ्कलन, सद्भावना पार्टीका नाममा, फोरमका नाममा वा

> तमलोपाका नाम प्रयोग गरेर वा त्यस्तै कुनै एउटा मनचिन्ते भूमिगत गिरोह भनी दिए भइहाल्थ्यो । पहिले पहिले उत्साह र श्रद्धा बनेको यो चन्दा पनि अचेल पहाडेहरूका लागि मात्र होइन उनीहरूका लागि पनि कर र आतङ्क बनेर आगराका शासक औरङ्जेबको तरवारझैँ शिरमाथि झुण्डिरहेको भान हुन्थ्यो (पृ.१२८) ।

प्रस्तुत साक्ष्यले तराईको विकृत राजनीतिक संस्कृतिलाई उदाङ्गो पारेको छ । तराईमा रहेका विभिन्न राजनैतिक दलका नाममा चन्दा माग्ने, चन्दा नदिनेलाई ज्यान मार्ने धम्की दिनेजस्ता कुराहरू अहिले तराईको संस्कृति बन्दै गइरहेको कुरालाई यसमा व्यक्त गरिएको छ । त्यसै गरी पहिला तराईमा बस्ने पहाडियालाई मात्र धम्की दिने गरिएकोमा अहिले त्यहीका रैथाने मधिसेलाई पनि धम्की दिन थालिएको सन्दर्भलाई पनि यसमा उदाङ्गो पारिएको छ । कथाको अन्त्यतिर रामेश्वर बाजे जनकपरबाट हेटौडा बसाइँ सरेर जान बाध्य हुन्छन् । समाख्याता भन्छन्- 'जाँदाजाँदै बाजेबज्यैहरूले आफ्नो त्यस घर आँगनलाई ढोगे । बज्यैले आँगनको एक मुठी माटो फरियाले फेरमा गाँठो पारिन् र गहभरि आँशु लिएर सामान लोड गरेको ट्रकको अगाडिको सिटमा उक्लिन् (पृ.१३१)' । प्रस्तुत साक्ष्यले तीन पुस्ता तराईमा बसेर पनि पहाडिया भएका कारणले जनकपुरबाट रामेश्वर बाजेका परिवार निस्कन परेको यथार्थलाई प्रस्तुत गरेको छ । आफ्ना पिता पुर्खा बसेको तथा आफू जन्मिएको ठाउँ छोडेर जान हरेकलाई दुख हुने वास्तविकतालाई यसमा प्रस्तुत गरिएको छ ।

'गाउँ गाउँजस्तो छैन, सहर सहरजस्तो छैन' कथामा तराईमा विकसित हुँदै गइरहेको राजनैतिक तथा सामाजिक सन्दर्भलाई देखाइएको छ । तराईमा जातीय तथा साम्प्रदायिक भावना विकसित भइरहेको छ तथा चन्दा माग्ने तथा धम्क्याउने संस्कृतिको निर्माण भइरहेको छ भन्ने कुरा नै प्रस्तुत कथामा अन्तर्वस्तु भएर आएको छ ।

## निष्कर्ष

इस्मालीका 'चलन', 'गाउँको माया', र 'गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन' कथामा अभिव्यक्त अन्तर्वस्तुमा आञ्चलिकता पाइन्छ । यी कथामध्ये 'चलन' कथाले तराईको दाइजो तथा तिलक प्रथाको विसङ्गतिलाई अन्तर्वस्तु बनाएको छ भने 'गाउँको माया' कथाले तराईमा व्याप्त वर्गीय विभेदलाई विषय बनाएको छ । त्यसैगरी 'गाउँ गाउँजस्तो छैन सहर सहरजस्तो छैन' कथाले २०६३/२०६४ सालमा भएको मधेस आन्दोलनलाई विषय बनाएको छ । उपर्युक्त कथाहरूमा उल्लिखित प्रवृत्तिका अतिरिक्त तत्स्थानिक आञ्चलिक परिवेशका घटना, गाउँका सामन्तहरूले सामाजिक, सांस्कृतिक तथा राजनैतिक रूपमा गर्ने शोषण तथा त्यससँग जोडिएका जातीय र सामाजिक परिघटनाहरू पनि आएका छन् । अन्तर्वस्तुका दृष्टिले इस्मालीका कथामा तत्कालीन समाजका सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक अवस्थाको चित्रण पाइन्छ । पञ्चायत कालीन तथा प्रजातन्त्रकालीन समयमा कुनै क्षेत्र विशेष वा अञ्चलमा बसोवास गर्ने सामन्त तथा सम्पन्नशाली वर्गले तल्लो वर्गका मान्छेलाई कस्तो व्यवहार गर्थे, गरिबवर्गहरूलाई दाइजोका नाममा कसरी घरघडेरी बेच्नु पर्थ्यो भन्ने कुराको चित्रण 'चलन' कथामा सुखवाका माध्यमबाट प्रस्तुत गरिएको छ भने 'गाउँको माया' कथामा गाउँका सामन्तहरूले परिछनजस्ता सोझासाझा तथा इमान्दार मान्छेलाई सधैँभरि आफ्नो हली बनाएर कसरी राख्न खोज्छन् भन्ने कुराको अभिव्यक्ति पाइन्छ । त्यसैगरी 'गाउँ गाउँजस्तो छैन, सहर सहरजस्तो छैन' कथामा २०६३-६४ सालमा भएको मधेस आन्दोलनले नेपाली नेपालीका बिच ल्याएको विखण्डनलाई प्रस्तुत गरिएको छ । समग्रमा गाउँमा वा कथाञ्चलमा चेतनाको कमीले गर्दा यी सबै समस्या आएका हुन् र तत्स्थानिक सामाजिक परिघटनासँग जोडिएका सबै पक्षहरू इस्मालीका कथामा अन्तर्वस्तुका रूपमा आएका छन् । समष्टिगत रूपमा भन्दा आञ्चलिकतामा अञ्चलविशेषका भौगोलिक, सामाजिक तथा सांस्कृतिक सीमाबद्ध क्षेत्रको विशेष अध्ययन गरिन्छ । यसमा स्थानको विशिष्टता प्रदर्शन गर्ने रीतिस्थिति, परम्परा, भाषा, सोचाइ तथा अनुभवको अभिव्यक्ति हुन्छ । इस्मालीका कथाहरूले नेपाली आञ्चलिक कथा लेखन परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।  यिनका विश्लेष्य सबै कथा तराईको आञ्चलिकतामा केन्द्रित छन् । यिनका कथाहरूले तराईको भूगोल, संस्कृति, राजनीति, सामाजिकता, भाषा आदिको चित्रण गरेका छन् । तराईको

आञ्चलिक विशिष्टतालाई प्रस्तुत गर्न यिनका कथा सशक्त छन् । तराईको भौगालिक स्थिति, गरिबी, लैङ्गिक विभेद, संस्कृति र लोकतत्त्व पनि यिनका कथामा जीवन्त भएर प्रस्तुत भएका छन् ।

**सन्दर्भ सामग्रीसूची**


इस्माली (२०५२), *माछोमाछो भ्यागुतो,* ललितपुर : साझा प्रकाशन ।

इस्माली (२०७३), *इस्माली श्रीको खोजी,* काठमाडौ : शिखा बुक्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६८),'समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग'. *समकालीन साहित्य,* पूर्णाङ्क ६७, माघ-चैत, पृ. ७२-८२ ।

जैन, नगीना (सन् १९७६), *आंचलिकता और हिन्दी उपन्यास.* दिल्ली : अक्षर प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज.* ललितपुर : साझा प्रकाशन ।

भुसाल, राजु (२०७९), *इस्मालीका कथामा आञ्चलिकता.* अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन, शिक्षाध्यक्षको कार्यालय. अनुसन्धान केन्द्र, त्रिवि, कीर्तिपुर ।

शर्मा, मोहनराज (२०६८), 'नेपाली उपन्यासमा आञ्चलिकता'. *समकालीन साहित्य.* पूर्णाङ्क ६७, माघ-चैत, पृ. ५४-६० ।

सुवेदी, धनप्रसाद (२०६८), *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक सङ्काय, त्रि.वि., कीर्तिपुर ।